सदस्य रिताकुमारी खत्वे, वडा थिइन्।

# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इटहरी, सुनसरी

## शिलबन्दि दरभाउ पत्र आब्हानको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७४।१२।०५*

इटहरी उपमहानगरपालिकाको तपशिलमा उल्लेखित कार्यहरुकोलागि इच्छुक संघसंस्था तथा व्यवसायीबाट यो सूचनाको अधिनमा रही १५ दिनभित्र शिलबन्दी दरभाउ पेश गर्न आब्हान गरिएको छ।

**शर्तहरु :**

१. दरभाउ फारस प्रति कोटेसन रु १०००। (एक हजार) फिर्ता नहुने गरि तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखाबाट खरिद गर्नु पर्ने छ। दरभाउ फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नबिकारण भएको फर्मको इजाजत पत्र, आन्तरिक राजश्व कार्यालय मु.अ.कर दर्ता भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र तथा स्थानीय निकायमा दर्ता भएको प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नु पर्ने छ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन खरिद गर्ने १६ औ दिन १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। दर्ता हुन आएका सिलबन्दी दरभाउ सोही दिन ठीक २:०० बजे यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। सो समयमा दरभाउदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि दरभाउ खोल्न बाधा पर्नेछैन।

३. दरभाउ पेश गर्दा कबोल गरेको रकमको २.५ प्रतिशत रकम धरौटी बापत इटहरी उपमहानगरपालिका कार्यालयको नाममा रहेको ने.बै लि. इटहरीमा रहेको धरौटी खाता चल्ती हिसाब नं. ग-३/०५९०३०००००००३००००३ नेपाल बैक लिमिटेड, इटहरीमा नगद जम्मा गरि सो को सक्कल भौचर वा मान्यता प्राप्त बैकको ४ महिना म्याद भएको बिड वण्ड सक्कलै दरभाउ साथ संलग्न गर्नु पर्ने छ।

४. दरभाउदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखितरुपमा गरेको घोषणा दरभाउसाथ पेश गर्नु पर्नेछ।

५. दरभाउ पेश गर्दा शिलबन्दि खाम बाहिर कार्यालयको नाम, कार्यको बिवरण र दरभाउदाता फर्मको नाम, ठेगाना र कुन विषयको दरभाउ पत्र पेस गरेको हो स्पष्ट रुपले उल्लेख गरेको हुनुपर्ने छ।

६. प्राप्त दरभाउ स्वीकृत गर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. दरभाउ पत्र शर्तरहीत, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको दरभाउमाथि कारवाही हुनेछैन।

९. दरभाउ खरिद वा दर्ता गर्ने फर्महरुले कामको सम्बन्धमा राम्रोसंग बुझी दरभाउपत्र भरेको मानिनेछ।

१०. दरभाउ भर्दा दर रेट केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

११. दरभाउ खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलि पल्ट सो कार्यहरु हुनेछ।

१२. दरभाउमा दर रेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ।

१३. दरभाउको दर रेट तोकिएको दररेटभन्दा बढि राख्न पाइने छैन।

१४. दरभाउदाताले कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउदाताको दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ। साथै जमानत जफत हुनेछ।

१५. नियमानुसार कर दस्तुर आदि सम्पुर्ण दरभाउदाता फर्मले स्वयं बेहोर्नु पर्ने छ।

१६. एक फर्मको नाममा खरिद भएको दरभाउ फारम अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन।

१७. दरभाउ पत्रको दर रेट स्वीकृति भएको १ हप्ताभित्र उल्लेखित सामाग्री उपलब्ध गराउनु पर्नेछ र फाइबर केवुल विस्तारको काम १ महिनाभित्र सक्नु पर्नेछ।

१९. दरभाउ पत्रमा उल्लेखित सामाग्रीहरु विभिन्न फारम मध्ये सवैभन्दा कम दर उल्लेख गर्ने एकैको वा फरक फरकको स्वीकृति गर्न सकिनेछ।

२०. फाइवर केवल जडान गर्ने दरभाउ कर्तालि राखेको धरौटी रकम ग्यारेन्टी समयसकेपछि मात्र फिर्ता पाउनेछ।

२१. दरभाउ सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

२२. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३ एवं नेपाल सरकारको प्रचलित कानुन अनुसार हुने छ।

| क्र.सं. | कामको विवरण | प्रविधि विवरण | कैफियत |
|---|---|---|---|
| १ | २० वटै वडा कार्यालयहरूमा फाइवर केवल जडान (Intranet) | GPON प्रविधिद्वारा Networking | Networking सहित जडान हुने समानहरू कम्तिमा १ वर्षको ग्यारेन्टी हुनुपर्ने |
| २ | इन्टरनेट सर्भिस उपलब्ध गराउने | 8MB Dedicated (1:1) and 4 Static IP वा सोभन्दा माथि | |

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

केडी/नवीन गड्तौला, कार्यालयः इटहरी-१, फोनः ०२५-५८६६१३, इमेलः purbihotlinedainik1@gmail.com, मुद्रणः सामुदायिक अफसेट प्रेस, इटहरी